# कन्टिनजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधी,२०८०

लिसंखु पाखर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चोक

बागमती प्रदेश,नेपाल

**स्वीकृती मिती : २०८०/०६/१५**

**प्रस्तावना :**

गाउँपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवं समपुरक अनुदानको साथै गाउँ पालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी हुन आउने कन्टिन्जेन्सी रकमलाई व्यवस्थीत, प्रभावकारी तथा उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनिय भएकोले, स्थानीय तहको प्रशासकिय कार्यविधि नियमित गर्ने ऐन २०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधीको नाम कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधी २०८० रहेको छ ।

(ख) यो कार्यविधी कार्यपालिकाबाट स्वीकृत भएको मिती देखी प्रारम्भ हुनेछ ।

**२. उदेश्य :**

कन्टिन्जेन्सी रकम व्यस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुको मुख्य उद्धेश्य निम्नानुसार छन् :

(क) योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी बापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न,

(ख) दफा ४ मा उल्लेखित क्षेत्रहरुमा मात्र कन्टिन्जेन्सी बापतको रकम बर्च गर्न,

(ग) कन्टिन्जेन्सी वापतको रकमलाई एकिकृत रुपमा लगत राखी सो को योजना कार्यान्वयनमा सुव्यस्थीत तवरले खर्च गर्न,

(घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्नु,

(ङ) कन्टिन्जेन्सी वापतको रकमको यथार्थपरक विवरण अभिलेखिकरण गर्न आदी ।

**३. कन्टिन्जेन्सी रकमको व्यवस्था :**

गाउँ पालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको तोकिए बमोजिम कन्टिन्जेन्सी बापतको रकम कट्टा गरी हुन आउने रकमलाई एकिकृत गरी उक्त रकमलाई दफा २ मा उल्लेख भए बमोजिमको शीर्षकहरुमा मात्र खर्च गर्न सकिनेछ ।

**४. खर्च गर्न सकिने क्षेत्रहरु :**

योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी कट्टा रकमलाई गाउँपालिकाले देहायको शर्षिकहरुमा खर्च गर्न सकिनेछ ।

(क) योजना अनुगमन तथा सुपरीवेक्षण एवं योजनासँग सम्बन्धीत प्रशासनिक र बैठक भत्ता लगायत खाजा खाना खर्च,

(ख) योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद,

(ग) योजना कार्यान्वयनको लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च,

(घ) तत्काल कार्यान्वयनको लागि आवश्यक ठानीएको योजना तथा कार्यक्रमहरु,

(ङ) गाउँ पालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र,

(च) लेखापरिक्षण सम्बन्धी खर्च

(छ) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखिकरण/तालिम/गोष्ठी कार्यक्रम संचालनमा लाग्ने खर्च,

(ज) योजना तथा कार्यक्रमको अनुगमन तथा निरिक्षणका क्रममा भएको यातायात खर्च,

(झ) स्थानीय तह वा अन्य निकायको योजना तथा कार्यक्रमको असल अभ्यासको सिको तथा अनुशरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नको निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च

**(५) कन्टिन्जेन्सी रकमको खर्च प्रकृति :**

योजना तथा कार्यक्रमको कुल कन्टिन्जेन्सी रकम मध्ये प्रशासनिक (चालु) मा अधिकतम ३५ र पुजीगतमा अधिकतम ६५ प्रतिशतका दरले खर्च गर्न सकिनेछ ।

**(६) खर्च गर्ने विधि र प्रकृया** :

कन्टिन्जेन्सीमा रहेको रकम खर्च गर्ने विधि निम्नानुसार हुनेछ :

क) एक पटकमा अधिकतम रु.१,००,०००/- सम्मको कार्य प्रमुख प्रशासकीय अधिकृतको निर्णयानुसार खर्च गर्न सकिनेछ । त्यसरी खर्च गर्दा पूर्वाधार मर्मतको हकमा प्राविधिक लागत अनुमान बमोजिम हुनेछ ।

ख) एक पटकमा रु.१,००,०००/- भन्दा बढी रु.१०,००,०००/- सम्मको कार्य सम्बन्धित शाखाको सिफारिसमा अध्यक्ष ज्यूको स्विकृतीमा खर्च गर्न सकिनेछ । त्यसरी खर्च गर्दा पूर्वाधार मर्मतको हकमा प्राविधिक लागत अनुमान बमोजिम हुनेछ ।

ग) कोषमा रहेको रकमको उपलब्धतालाई मध्यनजर गरी रु.१०,००,०००/- भन्दा बढीको मर्मत कार्य सम्बन्धित शाखाको सिफारिसमा गाउँकार्यपालिकाको निर्णयानुसार गर्न सकिने छ । त्यसरी खर्च गर्दा पूर्वाधार मर्मतको हकमा प्राविधिक लागत अनुमान बमोजिम हुनेछ ।

घ) कार्य सम्पन्न पश्चात प्राविधिक कर्मचारीबाट मुल्याकन सिफारिस गर्नुपर्नेछ ।

**(७) कन्टिन्जेन्सी रकम एकिकृत तथा खर्च प्रणाली :**

गाउँ पालिकाको वार्षिक स्वीकृत बजेट तथा संघिय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी बापतको रकमलाई आर्थिक वर्षको शुरुमानै एकिकृत रुपमा हिसाब गरी सो को लागत राखिने छ ।

तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिन्जेन्सी बापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन सँगै खर्च गरिने व्यवस्था मिलाईने छ ।

**(८) थपघट, हेरफेर वा संशोधन :**

विद्यमान समितीको सिफारिसमा कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ ।

**(९) बाधा अड्काउ फुकाउने अधिकार**

(क) यस बार्यविधीको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार विद्यान समितीको सिफारिसमा कार्यपालिकाको हुनेछ ।

(ख) तर प्रचलित ऐन, कानुन, नियम र यस कार्यविधिको मुलभुत कुरालाई असर गर्ने गरी बाधा अडकाउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन ।

**(१०) यसै बमोजिम भए गरेको मानिने :**

यो कार्यविधी स्वीकृत हुनु पुर्व योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी रकमबाट योजना कार्यान्वयनसँग सम्बन्धित भए गरेको क्रियाकलापहरु यसै निर्देशिका अनुरुप भए गरेको मानिनेछ।

**आज्ञाले,**
**दिक कृष्ण श्रेष्ठ**
**प्रमुख प्रशासकीय अधिकृत**